# स्थानीय वन समूहहरूमा सुशासन र वातावरणीय सेवाको भुक्तानीः
## *कोशी पहाडी जिल्लामा भएको सिकाइ*

✍ राजन प्र. पौडेल[१], सुरज उपाध्याय[२]

## १. पृष्ठभूमि

नेपालको करिब ४० प्रतिशत भूभाग वन क्षेत्रले ओगटेको छ (वन नीति, २०७१)। यसर्थ नेपालको वन क्षेत्र एक महत्त्वपूर्ण प्राकृतिक सम्पदा हो। वन क्षेत्रले विभिन्न प्रकारका उद्योगहरूलाई चाहिने कच्चा पदार्थहरू जस्तै ढुङ्गा, गिटी, बालुवा, काठ, जडीबुटी, कृषि औजार, पानी, तथा अन्य गैरकाष्ठ वन पैदावारहरू प्रदान गर्दछ। वन क्षेत्रले ग्रामीण क्षेत्रमा बसोबास गर्ने समुदायको दैनिक जीवनयापनका लागि नभई नहुने घाँस, काठ-दाउरा, जडीबुटी, कृषि औजार, स्वच्छ पानी, अन्य गैरकाष्ठ वन पैदावारहरू प्रदान गर्दछ। यसका अलावा वन क्षेत्रले विभिन्न किसिमका वातावरणीय सेवाहरू समेत प्रदान गर्दछ।

करिब ७० प्रतिशत इन्धन, झण्डै ४० प्रतिशत पशु आहारा (वन नीति, २०७१) का साथै अति विपन्न समुदायको लागि खाद्य सुरक्षाको प्रवन्ध वन क्षेत्रबाट हुँदै आएको छ। झलक्क हेर्दा यी वस्तु र सेवाहरू सामान्य जस्तो लागे पनि वन सम्पदाले नेपालीको जीविकोपार्जनसँग प्रत्यक्ष सम्बन्ध राख्दछ। वन पैदावार र वनक्षेत्रमा गरिने गतिविधिबाट राष्ट्रिय अर्थतन्त्र र स्थानीय जनताको आय आर्जन र जीविकोपार्जनमा पार्ने असरको बारेमा धेरै अनुसन्धानहरू भए तापनि पछिल्लो समयका थुप्रै अध्ययन तथा अनुसन्धानहरू वातावरणीय सेवाहरूको पहिचान, प्रवर्द्धन र यसको कारोबारको स्थापनामा केन्द्रित छन्।

वातावरणीय सेवाको भुक्तानी एउटा यस्तो नवीन बजारमा आधारित कार्यक्रम हो जुन वातावरणीय सेवाबाट लाभ लिनेले वातावरणीय सेवा प्रदान/संरक्षण गर्नेलाई निर्धारण गरिएको सेवाको मूल्य तिर्नुपर्ने हुन्छ (Wunder, 2005)। उन्डरका अनुसार कार्बन सञ्चितीकरण, जैविक विविधता संरक्षण, जलाधार संरक्षण र जमिनको भौगोलिक सुन्दरता कायम गर्ने जस्ता कम्तीमा चार क्षेत्रमा वातावरणीय सेवाहरूको भुक्तानी हुन सक्दछ। कसै कसैले यसलाई बहुमूल्य प्रकृतिको मूल्य तोक्ने मुर्खता भनेर पनि विरोध गरेको पाइन्छ। तसर्थ वातावरणीय सेवाको भुक्तानीका बारेमा छलफल गर्नुभन्दा पहिले यसको आवश्यकता किन पर्यो र यसको उदय कसरी भयो भन्ने संक्षिप्त जानकारी राख्नु आवश्यक हुन्छ।

विश्वयुद्ध र औद्योगिक क्रान्तिको दौरानमा प्रकृतिको व्यापक दोहन भयो। त्यसपछि प्रकृतिको संरक्षण, पर्यापर्यटन र वनलाई हेर्ने नयाँ दृष्टिकोणहरू जन्मिन थाले। यसले वातावरणीय सेवाको महत्त्वलाई बढाउन उर्जा प्रदान गर्यो। तर बढ्दो जनसङ्ख्या, खुला अर्थतन्त्र, तथा जलवायु परिवर्तनको बढ्दो असरले यस्ता सेवाहरूको उपलब्धतामै कमी आउने देखियो, र यस्ता सेवाहरूको महत्त्व झन् महसुस हुन थाल्यो।

प्राकृतिक स्रोत जस्तै वनलाई केवल बजारमा हुने वन पैदावारको कारोबारको आधारमा मात्र मूल्याङ्कन गर्ने परम्परागत आर्थिक प्रणालीले गर्दा वन स्रोतले प्रदान गर्ने बहुआयामिक पक्षको उचित मूल्याङ्कन हुन सकेन। एकातिर केही समूह यस्ता वातावरणीय सेवाको संरक्षण र निरन्तरताका बारेमा वकालत गर्नतिर लागे भने अर्कोतर्फ केही व्यक्तिहरू यस्ता प्रकृतिले प्रदान गर्ने वातावरणीय सेवालाई साझा अनि सित्तैमा पाउने वस्तुको रूपमा उपभोग गर्न पाउने कुरामा अडिग रहे। यस समस्याको समाधानको

१ लेखक प्रकृति संरक्षण कोष, खुमलटार, ललितपुरमा संरक्षण अधिकृतका रूपमा कार्यरत छन्।
२ लेखक अमेरिकाको युनिभर्सिटि अफ जर्जियामा विद्यावारिधिका सोधार्थी हुन्।

लागि वैज्ञानिकहरू वातावरणीय सेवाहरूको मूल्य निर्धारण गर्ने विधिहरूको खोजीमा लागे। फलस्वरूप सेवा प्राप्त गर्नेले सेवा प्रदान गर्नेलाई केही भुक्तानी दिने र तिर्ने इच्छा मापन गर्ने (willingness to pay) जस्ता सिद्धान्तको विकास गर्नतिर लागे। उक्त विधिले सेवाहरूलाई बजारमा आधारित आर्थिक मूल्याङ्कन प्रणालीसँग जोडेर वातावरणीय सेवाको संरक्षण र सेवाको सुनिश्चितता गर्ने तथा वातावरणीय संरक्षणमा रहेका आन्तरिक र बाह्य कठिनाइ तथा समस्याहरूको समाधान गर्ने तरिका प्रदान गर्दै प्राकृतिक स्रोतको व्यवस्थापनमा योगदान पुऱ्याउन सक्ने देखिन्छ।

समुदायमा आधारित वन व्यवस्थापन गर्ने काममा नेपाल उदाहरण बनेको छ। सामुदायिक वनले वन स्रोत र जैविक विविधता संरक्षण, एवम् वनको अवस्था सुधार गरी वन पैदावारको उपलब्धता बढाउन र समाज विकासको लागि आम्दानीको सिर्जना गरेको कुरामा कुनै विमति छैन (कँडेल, २००४, पोखेल र राई, २०७१)। यस्ता सामूहिक प्रयासले वातावारणीय सेवाहरूको संरक्षण, प्रवर्धन र वृद्धि गरेको छ भन्ने कुरामा पनि कसैको विमति छैन। तथापि यस्ता वातावरणीय सेवाको कारोबार स्थापना गर्ने सम्बन्धमा भने सोचे अनुरूप सफलता देखिदैन। यसले केही प्रश्नहरू जन्माएको छ। जस्तै के वन समूहहरूको सुशासन राम्रो भएमा वातावरणीय सेवाको भुक्तानी कार्यक्रम सफल हुन्छन् ? वातावरणीय सेवाको भुक्तानी र वन समूहहरूको सुशासन एक अर्कामा कतिको सम्बन्धित छन् ?

माथि उल्लेख गरिएका प्रश्नहरूको पृष्ठभूमिमा यस लेखले वातावरणीय सेवाका बारेमा भएका नीतिगत तथा कानूनी व्यवस्था तथा स्थानीय स्तरमा भएका केही अभ्यास तथा क्रियाकलापहरूको कार्यान्वयनका बारेमा चर्चा गर्ने प्रयास गरेको छ। स्थानीय स्तरमा भएको अभ्यासका रूपमा बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत नेपालको कोशी पहाडी जिल्लाका (धनकुटा, तेह्रथुम, भोजपुर र सङ्खुवासभा) वन समूहहरूमा सञ्चालन गरिएका क्रियाकलापहरूलाई लिइएको छ। यसकारण यो लेख बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत सञ्चालन गरिएका वातावरणीय सेवासँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन भएका वन समूहहरू मध्ये केही वन समूहहरूमा गरिएको स्थलगत अवलोकन, सम्बन्धित वन समूहका समिति सदस्यहरू, सामुदायिक परिचालक, स्थानीय व्यक्ति, बहुसरोकारवाला वन कार्यक्रम सञ्चालन गर्ने सङ्घ संस्थाका सम्बन्धित कर्मचारीहरू र सम्बन्धित जिल्ला वन कार्यालयका कर्मचारीहरूसँगको छलफल तथा अन्तरक्रियामा आधारित छ।

## २. नेपालमा वन स्रोत व्यवस्थानका नीति तथा कानूनहरूमा वातावरणीय सेवाका प्रावधानहरू

वन विकास गुरुयोजना, १९८८ ले सामुदायिक वनलाई नेपालको वन व्यवस्थापनको प्रमुख रणनीतिको रूपमा स्वीकार गरेको थियो। यस योजनामा वन स्रोतले प्रदान गर्ने वस्तु तथा सेवा सम्बन्धी आधारभूत आवश्यकता पूरा गर्ने, दिगो वन व्यवस्थापन गर्ने, पारिस्थितिकीय प्रणाली सन्तुलनको लागि वातावरण संरक्षण गर्ने, जनताको निणर्य प्रक्रियामा सहभागिता जुटाउने, न्यायोचित किसिमले लाभांश वितरण गर्ने र समग्र आर्थिक-सामाजिक विकास गर्ने उद्देश्य लिएको थियो। यस गुरुयोजनाले नेपालमा विकेन्द्रीकृत वन व्यवस्थापनलाई सामुदायिक वन उपभोक्ता समूहमार्फत संस्थागत गर्दै उक्त अभ्यासलाई व्यापक बनाउँदै देशमा गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउने लक्ष्य राखेको थियो। यसका लागि गरिबीको रेखामुनिका जनता, साना किसान र साना उद्यमीहरूलाई फाइदा हुने गरी वन स्रोत र सेवाको व्यवस्थापन गर्ने क्रियाकलापहरूलाई प्राथमिकतामा राखेको थियो।

वन ऐन, २०४९ नेपालको वन र वातावरण क्षेत्रको प्रमुख कानूनी दस्ताबेज भए पनि यसमा वातावरणीय सेवाको बारेमा कुनै कुरा उल्लेख गरिएको छैन। तर यसै वन ऐन, २०४९ मा आधारित भई अभ्यास गरिएका वन व्यवस्थापनका क्रियाकलापहरूले ग्रामीण समाजको सामाजिक-आर्थिक सवालहरूलाई सम्बोधन गरेको छ। यसका लागि स्थानीय समुदायका वन पैदावार

सम्बन्धी आधारभूत आवश्यकता पूरा गर्ने, दाउरा तथा घाँसको बोझ महिलामाथि कम गर्ने, गरिब, दलित, पछाडि पारिएका वर्ग तथा क्षेत्र र समुदायको वन स्रोतमा अधिकार स्थापित गर्ने तथा जैविक विविधता बढाउने र अन्य वातावरणीय सेवाहरूको संरक्षण गर्ने काममा प्राथमिकता दिएको छ ।

सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०६५ मा सामुदायिक वनको दिगो व्यवस्थापनबाट उपलब्ध हुने जलाधार एवम जैविक विविधता संरक्षण, भूदृश्य, सौन्दर्य तथा कार्बन-सञ्चिति जस्ता वातावरणीय सेवाहरूको सम्भावनाको खोजी गरी तिनको उपयोग गरेर आयआर्जनको अवधारणालाई अगाडि बढाउन सकिने छ भन्ने कुरा उल्खेख भएको छ ।

वन नीति, २०७१ ले वातावरणीय सेवाको बुद्धिमत्तापूर्ण उपयोग र प्राप्त लाभको न्यायोचित वितरणको माध्यमबाट जीविकोपार्जनमा सुधार तथा अर्थतन्त्रमा सहयोग पुग्ने गरी वन क्षेत्रलाई समृद्धिको आधारको रूपमा स्थापित गर्ने नीति लिएको छ । वन नीतिको दस्ताबेजमा करिब १० ठाउँमा वातावरणीय सेवाको कुरा गरिएको छ । जसमा वातावरणीय सेवा शुल्क आरम्भ भएको, कार्बन व्यापारमा नेपाल संलग्न हुने अवस्था सिर्जना भएको, माथिल्लो पारिस्थितिकीय प्रणालीको संरक्षणको लागि तल्लो तटीय समुदायलाई उत्प्रेरित गर्न सकिने, वातावरणीय सेवाको पहिचान र भुक्तानीको लागि उपयुक्त कानूनी र संरचनागत व्यवस्था गर्ने कुराहरू उल्लेख गरिएको छ । त्यसैगरी उपयुक्त प्रणाली विकास गरी वन सम्पदाको आर्थिक मूल्याङ्कन (Economic Valuation) गर्ने पद्धति स्थापित गर्ने, वन क्षेत्रमा कार्बन सञ्चितीकरण, कार्बन व्यापार, वन विकास कोष तथा वातावरणीय सेवा भुक्तानी गर्ने जस्ता कुराहरू पनि उल्लेख गरिएको छ । उल्लेखित कुराहरूका माध्यमबाट प्राप्त साधन र स्रोतको परिचालन प्रभावकारी बनाउने वन क्षेत्रमा सुशासन, समावेशीकरण र सामाजिक न्याय प्रवर्धनको लागि व्यवस्थापनलाई थप सक्षम बनाउने, वातावरणीय सेवाको पहिचान तथा सोको बजारीकरण गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिने जस्ता कुराहरू पनि समेटिएको छ ।

तेह्रौं विकास नीति “समृद्धिका लागि वन” भन्ने मूलध्येयका साथ जनसहभागितामूलक तथा विकेन्द्रित व्यवस्थापन प्रणाली अवलम्बन गरी समग्र वन क्षेत्रको दिगो व्यवस्थापनमार्फत वनको उत्पादकत्वमा वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रमा दिगो योगदान पुर्‍याउने कुरा स्पष्ट रूपमा उल्लेख गरिएको छ । स्थानीय समुदायको जीविकोपार्जनमा सुधार गरी गरिबी न्यूनीकरणमा योगदान पुर्‍याउनेतर्फ  तेह्रौं विकास योजनाका नीति तथा कार्यक्रमहरू निर्देशित छन् । यस नीतिले वनबाट प्राप्त हुने सेवालाई पर्यटन विकासको आधार स्तम्भको रूपमा लिएको छ। साथै वन क्षेत्रलाई जलवायु परिवर्तन अनुकूलन गर्न सहयोग पुर्‍याउने भूमिका खेल्न सक्ने स्रोतको रूपमा लिएको छ । विशेष गरी कार्बन संश्लेषण तथा सञ्चितीकरण सेवाबाट जलवायुमा हुने प्रतिकूल प्रभाव न्यूनीकरण र अनुकूलन गर्न वनक्षेत्रले पुर्‍याएको योगदान बापत रेडप्लसको अवधारणाबाट थप आर्थिक स्रोत जुटाउने कार्यक्रमहरू सञ्चालनका लागि आवश्यक पर्ने प्रक्रिया र संयन्त्र निर्माण गर्ने प्रक्रिया अगाडि बढाइने कुरा मुख्य विषयका रूपमा उल्लेख गरिएको देखिन्छ । तर अपेक्षित उपलब्धिमा भने पारिस्थितिकीय सेवाहरूबाट कति घरधुरीहरू लाभान्वित हुने वा कति आयआर्जनको अवसर उपलब्ध भएको हुनेछ र कति राजस्व उठ्ने छ भन्ने कुराहरू भने यकिन हुन सकेको देखिदैंन । यद्यपि पारिस्थितिकीय सेवाहरूबाट प्राप्त हुने आयस्रोतलाई वनको वास्तविक व्यवस्थापनमा योगदान पुर्‍याउने सरोकारवालाहरू सम्म वितरण गर्ने आवश्यक व्यवस्था मिलाइनेछ भनेर उल्लेख गरिएको छ ।

## ३. वातावरणीय सेवाको भुक्तानीका विभिन्न चरणहरू

वातावरणीय सेवाको भुक्तानीको अभ्यास सामान्यतयाः छ चरणहरूमा हुन्छ । सम्भावित वातावरणीय सेवाको पहिचान गर्ने कामबाट सुरुआत भई कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनका आधारमा पुनरावलोकन गरी उक्त सेवाको चक्र अन्त हुन्छ ।

**चित्र १: वातावरणीय सेवा भुक्तानीको विभिन्न चरणहरू**




चित्र १ मा उल्लेख भएका छ वटै चरणहरू वातावरणीय सेवाको भुक्तानीको सफल अभ्यासका लागि महत्त्वपूर्ण हुन्छन् । प्रत्येक चरणमा भएका क्रियाकलापहरूले उक्त सेवाको अभ्यासलाई सफल बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको हुन्छ ।

## ४. नेपालमा वातावरणीय सेवाको भुक्तानीका अभ्यासहरु

नेपालमा तीन किसिमका वातावरणीय सेवाको भुक्तानीको अभ्यास हुन सक्दछ । ती प्रकारहरूको चर्चा तल गरिन्छ ।

**क) कार्बन सञ्चितीकरण :** जलवायु परिवर्तनको जल्दोबल्दो समस्या रोक्न संसारभरि कार्बन सञ्चितीकरणलाई एउटा मुख्य उपायको रूपमा अघि सारिएको छ । नेपालमा पनि स्थानीय समुदायहरूको सक्रिय सहभागिताबाट वन स्रोतको व्यवस्थापन गर्दै कार्बन सञ्चितीकरणका कामहरू भएका छन् । प्राविधिक अध्ययन गरी केही ठाउँहरूमा विभिन्न निकायहरू मार्फत भुक्तानीको अभ्यास समेत भइरहेका छन् । केही स्थानीय समुदायहरूले यस कार्यक्रम सञ्चालन गरे बापत भुक्तानी समेत पाएका उदाहरणहरू बाहिर आएका छन् । ती अभ्यासहरूमा कार्बन सञ्चितीकरण गरी वातावरणीय सेवा प्रदान गर्ने प्रदायकका रूपमा स्थानीय वन समूह तथा सरकार हुन् भने यसको भुक्तानी दिने निजी कम्पनी वा विकसित देशहरू हुन् । कार्बन सञ्चितीकरणको सेवा वापत यसको भुक्तानी गर्ने भन्नेमा विवाद नभए पनि यसको बाँडफाँड के कसरी गर्ने भन्नेमा चाहिँ अझै पनि स्पष्टता आइसकेको छैन । तर वन समूह लगायत सम्बन्धित निकायहरूमा सुशासनको सुनिश्चितता भयो भने यसको बाँडफाँडबाट सबैभन्दा बढी लाभ स्थानीय जनताले पाउन सक्दछन् ।

**ख) जैविक विविधता संरक्षण :** जैविक विविधताको संरक्षण गरे वापतको भुक्तानीको कार्यान्वयन नेपालको संरक्षित क्षेत्र व्यवस्थापनमा देख्न सकिन्छ। राष्ट्रिय निकुञ्ज एवम् वन्यजन्तु संरक्षण ऐन, १९७३ ले जैविक विविधता संरक्षणमा संरक्षित क्षेत्र वरिपरिका समुदायले पुऱ्याएको योगदानको कदर गर्नका लागि माथि उल्लेख भए अनुसार संरक्षित क्षेत्रबाट उठेको राजस्वको ३० देखि ५० प्रतिशत दिने व्यवस्था गरेको छ।

**ग) जलाधार संरक्षण :** जलाधार संरक्षणको उदाहरणको रूपमा प्रायः जलविद्युत कम्पनीहरूले समुदायलाई दिने गरेको सुबिधालाई लिन सकिन्छ। जस्तै मकवानपुर जिल्लाको कुलेखानी जलविद्युत आयोजनाले सुरु गरेको पद्धतिलाई नेपालमा वातावरणीय सेवा भुक्तानीको सफल र सुरुआती अभियानका रूपमा लिन सकिन्छ। कुलेखानी जलाधारले दुई जलविद्युत गृहलाई प्रर्याप्त पानी प्रदान गर्दछ। जसबाट नेपाल विद्युत प्राधिकरणले ९२ मेगावाट विद्युतको कारोबार गरी राजस्व उठाउने गरेको छ। तर जलाधारको माथिल्लो क्षेत्रमा भएका जमिन प्रयोगका कारण जल विद्युतको पानी सञ्चय गर्ने ठाउँमा बालुवा थिग्रिने क्रम बढ्यो। जसले विद्युत गृह सञ्चालनमा व्यवधान पुऱ्यायो। यसको निराकरण गर्न माथिल्लो क्षेत्रका जनताको विकास कार्यक्रम र जमिनको प्रयोग परिवर्तनका क्रियाकलापमा आम्दानीको केही प्रतिशत खर्च गर्ने गरेको छ। जसको कारण जनताहरूले विकास कार्यमा सहयोग पाएका छन्। अर्कोतिर जलविद्युत गृहमा बालुवा थिग्रिने क्रम घटेर कम्पनी चल्न सहयोग भएको छ। यसले गर्दा बालुवा हटाउन लाग्ने खर्च पनि जोगिएको छ।

## ५. कोशी पहाडी जिल्लामा भएका केही अभ्यासहरू

बहुसरोकारवाला वन कार्यक्रम अन्तर्गत कोशी पहाडी जिल्लाका केही वन समुहहरूमा वातावरणीय सेवाको भुक्तानीको नमुना अभ्यास गर्ने प्रयास गरिएको थियो। यसका लागि वातावरणीय सेवाको भुक्तानी दिने अभ्यास गर्न सकिने वन समूहको पहिचान गरी छनौट भएका वन समूहहरूमा यस अवधारणाको अभ्यास गर्ने प्रयास गरिएको थियो। उक्त अभ्यासमा खास गरी तीन तहहरू रहेको देखिन्छ। पहिलो तह (माथिल्लो तह) मा सरकारी तथा गैर सरकारी वा दातृ निकायहरू रहेको देखिन्छ। दोस्रो तह (स्थानीय तह) मा सम्बन्धित वन समूह, माथिल्लो र तल्लो जलाधार क्षेत्रका बासिन्दाहरू, निजी संस्थाहरू, खानेपानी समूहहरू रहेको देखिन्छ। त्यसैगरी सबैभन्दा तल्लो तहमा सम्बन्धित वन समूहका उपभोक्ता घरधुरीहरू रहेको देखिन्छ।

**क) खुरिला पाताल वन समूह तथा सिलिचुङ खानेपानी उपभोक्ता समूहका बीच भएको अभ्यास :** भोजपुर जिल्लाको भोजपुर नगरपालिकामा रहेको खुरीलापाताल सामुदायिक वन समूह र सिलुचिङ खानेपानी उपभोक्ता समितिका बीच वातावरणीय सेवा भुक्तानीको कारोबार केही वर्ष अघि सुरु भयो। यसको कार्यान्वयन गर्न सुशासनको विषयलाई प्राथमितामा राखिएको देखिन्छ। वातावरणीय सेवाको पहिचान र प्रवर्धन गर्नका लागि जिल्लाका विभिन्न सङ्घसंस्था, जिल्ला वन कार्यालय, जिल्ला सामुदायिक वन उपभोक्ता महासङ्घ, जिल्ला भू:क्षय कार्यालय, जिल्ला प्रशासन कार्यालय, राजनीतिक पार्टी र अन्य सरोकारवालाहरूसँग छलफल गरी त्यस्तो सेवाको सम्भावना रहेको कुरामा सबै सरोकारवालाहरूको सहमति भयो। खुरीलापाताल सावलाई सेवा प्रदायक तथा सिलिचुङ खानेपानी उपभोक्ता समितिलाई सेवाको प्रयोगकर्ताको रूपमा पहिचान गरियो। वातावरणीय सेवा भुक्तानीको अवधारणा नयाँ भएकाले दुवै समूहलाई यसको अवधारणाका बारेमा दुई दिने जानकारीमूलक कार्यक्रमको आयोजना गरियो। यसै कार्यक्रमबाट उनीहरूका धारणा, विचार र यस कार्यक्रम लागू गर्ने प्रक्रियाका बारेमा क्षमता अभिवृद्धि गरियो। सिलुचिङ खानेपानी उपभोक्ता समितिका ३० जनामध्ये खुरीला पाताल सावका उपभोक्ताहरू पनि उक्त समितिमा रहेको हुनाले दुवै पक्षहरूका बीच वातावरणीय सेवा भुक्तानीको बारेमा सहमति गर्न सजिलो भयो। खुरीला पाताल सावले सिलुचिङ खानेपानी उपभोक्ता समितिलाई उक्त सेवा दिए वापत वार्षिक रू. ५,००० उक्त खानेपानी समितिले दिने सहमति भयो। यस सहमति अनुरूप खुरीला पाताल सावका उपभोक्ता

समितिले पानीको बहावलाई असर पर्ने गरी मुहान वरपर बोट बिरुवा काट्न नपाउने सम्झौता भएको छ। पानीको मुहान संरक्षणका लागि मुहान वरपरका १० घरलाई पानि प्रयोग गरे बापतको शुल्क मिनाह गर्ने व्यवस्था समेत गरिएको छ। यस वातावरणीय सेवा भुक्तानी कार्यको लागि बहुसरोकारवाला वन कार्यक्रमले रू. ३,००,००० र सिलुचिङ खानेपानी उपभोक्ता समितिले रू. १,००,००० उठाएर जम्मा रू. ४,००,००० संयुक्त खातामा जम्मा गरिएको छ।

**ख) चेवालुङ खानेपानी उपभोक्ता समितिमा भएको अभ्यास :** धनकुटा जिल्लाको कुरुलेतेनुपा गाउँमा रहेको चेवालुङ खानेपानी उपभोक्ता समितिले सोही ठाउँ निवासी सोम फागु भन्ने व्यक्तिबाट रू. २ लाख ५० हजारमा पानीको मूल भएको चार आना जग्गा किनेको छ। यो भाउ बजारमा चलिआएको भन्दा बढी हो। यस समितिको सुरुआतमा ३५ घरधुरी संलग्न भएका थिए। हाल यो सङ्ख्या बढेर करिब १५१ पुगेको छ। यो कार्य सम्पन्न गर्न उनीहरूले पाइप लाइन बिच्छ्याएका छन्। यसका लागि उनीहरूले सरकारी र गैर सरकारी सहयोग जुटाएका छन्। पानीको स्रोत र पानी उपभोग गर्ने उपभोक्ताहरूको दूरी टाढा भएको र सिङ्गो पाइप बिच्छ्याउँदा पाइपको बीचमा हावा बढी छिरी पानीको बहावलाई प्रभाव पारेको हुँदा बीचबीचमा ट्याँङ्की बनाउने योजना रहेको छ। यसरी सुधार भएपछि मात्र थप भएका उपभोक्ताहरूसँग शुल्क लिने समितिको सोचाइ छ। खानेपानीको अभावबाट समाजका सबै प्रभावित भए तापनि, सम्पन्न वर्गहरूले पानीको अभावका कारणले गाउँ छोडेर हिँड्ने गरेको कुरा स्थानीय बताउँछन्। गाउँमा रहेका धेरै गरिबहरू आफ्ना घरधन्दामै व्यस्त हुने हुँदा यसको समाधानको विकल्प खोज्ने कार्यमा त्यही समाजमा रहेका मध्यम वर्गीय समाजसेवीहरू लागेको पाइयो। यस प्रक्रियामा समुदायमा रहेका संस्थाहरूको (जस्तै सामुदायिक वन समिति) माध्यमबाट प्रभावकारी भूमिका निर्वाह गरेको देखियो। यस खानेपानी उपभोक्ता समितिमा गाविस स्तरका संस्थाहरूमा आबद्ध केही व्यक्तिहरू हुनाले पनि यस प्रक्रियालाई छिटो, प्रभावकारी र सफल भएको छ।

**ग) तीनजुरे रातपोखरीमा खानेपानीका लागि भएको अभ्यास :** यस वन समूहका उपभोक्ताहरूलाई खानेपानीको निकै अभाव छ। उक्त अभाव स्रोतको अभावका कारणले भन्दा पनि उचित वितरण हुन नसकेका कारण सिर्जना भएको कुरा स्थानीय बताउँछन्। उक्त समस्या समाधानका लागि समुदायका सबै मिलेर पानीको मुहानमा पाइप राखेका छन्। तर सामुदायिक वनलाई कुनै भुक्तानी दिएका छैनन्। यसको प्रमुख कारण भनेको यसका बारेमा छलफल, ज्ञान, अनुभवहरू तथा कुनै पद्धतिको विकास नहुनु हो। सामुदायिक वनको इतिहास लामो भए पनि यस वन समूहमा सुशासनको अवस्था कमजोर देखिन्छ। कार्य समितिका व्यक्तिलाई वनको बारेमा पर्याप्त जानकारी छैन। यस सामुदायिक वनमा भएको भ्रष्टाचार तथा उपभोक्ताहरूका बीचमा भएको आन्तरिक असमझदारीका कारण यहाँ सञ्चालन भएको एउटा वन उद्यम नै बन्द भएको देखियो। भौगोलिक सुगमता हुँदाहुँदै र प्राकृतिक स्रोतका रूपमा पनि सम्पन्न हुँदाहुँदै पनि यो वन समूहमा वातावरणीय सेवाको भुक्तानीको अभ्यास सफल हुन सकेन।

## ६. निष्कर्ष

वातावरणीय सेवाको लाभलाई न्यायोचित रूपमा वितरण गरी जीविकोपार्जनमा सुधार गर्नका लागि नेपालको वन स्रोतको महत्त्वपूर्ण भूमिका छ। उक्त कुरा वन क्षेत्रका विद्यमान नीतिहरूमा उल्लेख भएका प्रावधानहरूले पनि सङ्केत गरेको छ। यद्यपि, वातावरणीय सेवाको सफल अभ्यास भने निकै कम छ।

यस लेखमा चर्चा गरिएका उदाहरणहरूले नेपालमा रहेका वन क्षेत्रमा वातावरणीय सेवाको भुक्तानीको अभ्यास गरी स्थानीय समुदायमा आर्थिक लाभको उत्पादन गर्न सकिने कुरा सङ्केत गरेको छ। तर यसको सफलताका लागि विभिन्न चरणहरू पार गर्नुपर्ने हुन्छ। सेवा प्रदायक र सेवा उपभोगकर्ताहरूका बीच विभिन्न चरणहरूमा घनीभूत छलफल र अन्तर्किया हुनु पर्दछ। जसले गर्दा वातावरणीय सेवाको भुक्तानीको सफल अभ्यासका लागि अपनाउनु पर्ने प्रक्रियाहरू खर्चिलो पनि हुने देखिन्छ। यसका लागि वातावरणीय

सेवाको भुक्तानीबाट सुरु हुने लाभभन्दा अगाडि नै सम्बन्धित वन समूहको सक्रियता आवश्यक देखिन्छ । जुन कुरा सम्बन्धित वन समूहमा भएको सुशासनको अवस्थाले धेरै हदसम्म निर्धारण गर्दछ ।

सेवा प्रदायक तथा प्रयोगकर्ता आर्थिक रूपले कमजोर हुनु, वास्तविक प्रयोगकर्ता र प्रदायकको स्पष्ट पहिचान गर्न नसक्नु, विभिन्न कर्ताहरूको भूमिकाको बाँडफाँड स्पष्ट रूपमा हुन नसक्नु जस्ता कारणहरूले गर्दा वातावरणीय सेवाको भुक्तानीको सफल अभ्यासहरू हुन सकेको देखिँदैन । सफल वातावरणीय सेवाको भुक्तानीको लागि सेवा प्रदायकले लिने मूल्य र प्रयोगकर्ताले सेवाको लागि तिर्न इच्छाएको मूल्यलाई संवादको प्रमुख विषय बनाइनु पर्दछ ।

नेपालमा स्थानीय वन समूहहरूमा वातावरणीय सेवाको भुक्तानीको सफल अभ्यासका लागि तल चर्चा गरिएका विषयहरू महत्त्वपूर्ण रहेको देखिन्छ ।

**क) संस्थागत विकास :** वातावरणीय सेवाहरूको भुक्तानीको सफल कार्यान्वयनको लागि सम्बन्धित सेवा भुक्तानीको अभ्यासको संस्थागत विकास हुनु जरुरी देखिन्छ । यस्तो संस्थाले वातावरणीय सेवाको संरक्षण वा प्रयोगमा अनुभव लिएको समय अवधि पनि महत्त्वपूर्ण हुन्छ । यस अनुभवको आधारमा उनीहरूले वातावरणीय सेवाहरूको भुक्तानीलाई दिने महत्त्व निर्धारण हुन्छ जुन यस पद्धतिको सफलताको एक प्रमुख आधार पनि हो ।

**ख) सहजकर्ता तथा दाताको सहयोग :** सामुदायिक वन र उपभोक्ता समूहहरूको विकासमा विभिन्न सरकारी र गैरसरकारी संस्था तथा दातृनिकायहरूका परियोजना र कार्यक्रमहरूको सहयोग रहँदै आएको छ । वन क्षेत्रमा मात्र नभई समग्र देशमा नै यस्ता सहयोगहरूको भूमिका रहँदै आएको देखिन्छ । तर यसका कारणले गर्दा कति कार्यक्रमहरू यस्ता सहयोगहरू रहँदासम्म चल्ने र सहयोग बन्द भएपछि बन्द हुने गरेका छन् । यसकारण वातावरणीय सेवाको भुक्तानीका लागि दातृ निकायको इच्छाभन्दा पनि सेवा प्रदायक तथा प्रयोगकर्ताहरूको वास्तविक क्षमता तथा तत्परतामा यस्ता सहयोगहरू केन्द्रित हुनु पर्दछ ।

**ग) जागरुकता र जुझारुपन :** वन समहहरूमा वातावरणीय सेवा भुक्तानीको सफल अभ्यासका लागि वन समूहहरूमा जागरुकता र जुझारुपन हुनु जरुरी छ । विभिन्न समस्याहरूको रचनात्मक समाधान गर्ने काममा दुवै पक्ष जागरुक तथा जुझारु हुन जरुरी छ ।

**घ) दायित्व वहन :** वन समूहहरूमा वातावरणीय सेवा भुक्तानीको सफल कार्यान्वयनको लागि वन समूह, समूहका प्रतिनिधि र व्यक्तिहरूले आफ्नो जिम्मेवारी तथा दायित्वहरूको बहन गर्नुपर्ने हुन्छ । यस्ता जिम्मेवारीहरू प्रायः स्वैच्छिक हुनुका साथै व्यक्तिगत फाइदा हुने भन्दा पनि सामूहिक भलो हुने खालका हुने गर्दछन् । तसर्थ जुन समूह र समूहका व्यक्तिहरू यसप्रति सचेत भई यस पद्धतिको सञ्चालन गर्न लाग्ने दायित्व बहन गर्न तयार र तत्पर छन् त्यस्ता समूहमा यो सेवा सफल हुन सक्छ ।

**ङ) सक्षम नेतृत्व :** वन समूहहरूमा वातावरणीय सेवाको भुक्तानीको सफल अभ्यासका लागि सुरुआतदेखि अन्त्यसम्म समुदाय सक्रिय भएर लाग्नुपर्ने हुन्छ । समुदायका सबै घरधुरीको इच्छा र सहभागिता सुनिश्चित गर्न समुदायको नेतृत्व बलियो हुनु पर्दछ । विभिन्न चरणमा आउने बहसहरूलाई तार्किक निष्कर्षमा पुऱ्याउन एवम् आइपर्ने विवादहरूको समाधान गर्न समेत नेतृत्व सक्षम हुनु पर्दछ । यस्तो नेतृत्वको अभावमा भुक्तानीका सर्तहरू लागू गर्न सकिँदैन ।

यस लेखमा चर्चा गरिएका वातावरणीय सेवाको भुक्तानीको अभ्यासहरू वास्तविक नमुना अभ्यासका रूपमा विकास हुन सकेको देखिँदैन । जसले गर्दा ती अभ्यासहरू नयाँ बोतलमा पुरानै रक्सी भन्ने उखान जस्तो मात्रै भएका छन् । यसका विभिन्न कारणहरू छन् । ती मध्येको एक प्रमुख कारण भनेको वातावरणीय सेवा प्रदायक समूह र सेवा लिने समूहको भौगोलिक र सामाजिक निकटता भएका कारण तिनीहरूलाई छुट्याउन नसक्नु हो । जसले गर्दा कसले कसलाई भुक्तानी दिने भन्ने प्रश्न जन्मेको देखिन्छ । दोस्रो कारण भनेको यस अवधारणको अभ्यासका विभिन्न चरणहरूमा आवश्यकता अनुसारका प्रक्रियाहरूको

अवलम्बन हुन नसक्नु हो । जसको प्रमुख कारण भनेको यसका लागि अपनाउनु पर्ने प्रक्रियाहरू आफैंमा समय र स्रोतका हिसाबले खर्चिलो हुनु हो । त्यसैगरी तेस्रो कारण भनेको यस प्रक्रियामा संलग्न समुदाय, सहजकर्ताहरूमा आवश्यक ज्ञान तथा अनुभवको पनि अभाव हुनु हो । अन्त्यमा, नेपालमा स्थानीय वन समूहहरूमा वातावरणीय सेवाको भुक्तानीको अभ्यास गर्ने कुरा एक सम्भावित विषय भए पनि उक्त कुराको अभ्यास गर्नका लागि वन समूह तथा अन्य निकायहरूमा आवश्यक स्रोतका साथै ज्ञानको विकास हुन जरुरी देखिन्छ ।

## सन्दर्भ सामग्रीहरू

**Bushley, B.R & Pokharel, B.** (undated). From watershed to REDD: Multilevel governance of PES schemes in Nepal. (Accessed on November 23rd. 2015: http://lib.icimod.org/record/9485)

**Kanel, Keshav R. & Kandel, B. R.** 2004. Community Forestry in Nepal: Achievements and Challenges. Journal of Forest and Livelihood 4(1) pp. 55-63.

**Pirard, R., Buren, G. and Lapeyre, R.** 2014. Do PES Improve the Governance of Forest Restoration? Forests 5. pp. 404-424. (accessed from http://www.mdpi.com/1999-4907/5/3/404)

**Wunder, Sven.** 2005. Payments for environmental services: some nuts and bolts. CIFOR Infobrief No. 9. Center for International Forestry Research (CIFOR). Indonesia.

**तिम्सिना, नेत्रप्रसाद** । २०६९ । वन विकास गुरुयोजनाको प्रभाव । हाम्रो वन सम्पदा, वर्ष १० अङ्क १ ।

**नेपाल सरकार** । १९९९। स्थानीय स्वशासन ऐन।, १९९९ । नेपाल सरकार, नेपाल ।

**नेपाल सरकार** । २०२९ । राष्ट्रिय निकुञ्ज एवम् वन्यजन्तु संरक्षण ऐन, २०२९ । वन तथा भू संरक्षण मन्त्रालय, नेपाल सरकार, काठमाडौं ।

**नेपाल सरकार** । २०४५ । वन विकास गुरुयोजना नेपाल : कार्यकारी सारांश । नेपाल सरकार, वन तथा भूसंरक्षण मन्त्रालय, काठमाडौं ।

**नेपाल सरकार** । २०४९ । वन ऐन (२०४९) तथा वन नियमावली (२०५१) । कानून किताब व्यवस्था समिति, नेपाल सरकार, काठमाडौं ।

**नेपाल सरकार** । २०६५ । सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन । वन तथा भूसंरक्षण मन्त्रालय, वन विभाग, नेपाल सरकार। काठमाडौं ।

**नेपाल सरकार** । २०७१ । वन नीति ।२०७१ । वन तथा भूसंरक्षण मन्त्रालय, नेपाल सरकार, काठमाडौं ।

**पोखरेल, भरत र राई, जैलबकुमार** । २०७१ । नेपालमा वन उद्यम व्यवसायले बाटो बिराउँदा । हाम्रो वन सम्पदा, वर्ष १२ अङ्क १ ।